आज मिति २०७९ साल वैशाख ८ गते विहान दिनको २: ०० बजे प्रमुख श्री धीरज शर्मा बस्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिती तथा भएका निर्णयहरु यस प्रकार छ।

**उपस्थिति**

| क.सं. | दस्तखत | नाम थर | | पद |
|---|---|---|---|---|
| १. | | श्रीः धीरज शर्मा बस्याल | प्रमुख | प्रमुख |
| २. | | श्रीः मायादेवी पौडेल | उप-प्रमुख | उप-प्रमुख |
| ३. | | श्रीः मोतिलाल सुनार | वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ४. | | श्रीः दया दर्लामी | वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ५. | | श्री रुद्र प्रसाद न्यौपाने | वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ६. | | श्रीः रविन्द्रविक्रम हमाल | वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ७. | | श्रीः रेश्मीराज भट्टराई | वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| ८. | | श्रीः रोहीत थारु | वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ९. | | श्रीः ध्रुव थारु | वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १०. | | श्रीः कविराज आचार्य | वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| ११. | | श्रीः चन्द्रकान्त चापागाई | वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १२. | | श्रीः राजु मिश्र | वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १३. | | श्रीः तीर्थराज फौज्दार | वडाध्यक्ष, वडा नं. ११ | सदस्य |
| १४. | | श्रीः मानबहादुर मल्ल | वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १५. | | श्रीः नर बहादुर चौधरी | वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १६. | | श्रीः केशवबहादुर खत्री क्षेत्री | वडाध्यक्ष, वडा नं. १४ | सदस्य |
| १७. | | श्रीः बलबहादुर बलाल | वडाध्यक्ष, वडा नं. १५ | सदस्य |

| | | | |
|---|---|---|---|
| १८. | | श्री: सुक बहादुर गुरुंग वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| १९. | | श्री: ईशा सुनार | सदस्य |
| २०. | | श्री: अम्बिका देवी उपाध्याय | सदस्य |
| २१. | | श्री कविता रायमाझी | सदस्य |
| २२. | | श्री: बुद्धिमाया सुनार | सदस्य |
| २३. | | श्री: प्रतिमाकुमारी चौधरी | सदस्य |
| २४. | | श्री: वेचन प्रसाद ठाकुर (हजाम) | सदस्य |
| २५. | | श्री: लल्लन प्रसादविन | सदस्य |
| २६. | | श्री: लुकुडी चमार | सदस्य |
| २७. | | श्री: मेघ नाथ पाध्या प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| | | व्यवस्थापन टोली | |
| २८. | | श्री पुष्कर काफ्ले | कार्यक्रम अधिकृत |
| २९ | | श्री विष्णु लाल पुरी | लेखा अधिकृत |
| ३० | | श्री माधव ज्ञवाली | स्वास्थ्य शाखा प्रमुख |
| ३१ | | श्री गोपाल चौधरी | सूचना प्रविधि अधिकृत |
| ३२ | | श्री पशुपति गैरे | अधिकृत छैंटौ |
| ३३ | | पिताम्बर लामकोटा | बे.ने.प. |

प्रस्तावहरूः

१. प्रदेश समपुरक तर्फको योजना छनौट सम्बन्धमा
२. निर्वाचन कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा
३. राजश्व सुधार योजना अनुमोदन सम्बन्धमा
४. मध्यकालिन खर्च संरचना (MTEF) अनुमोदन सम्बन्धमा
५. कार्यवाहक वडा अध्यक्ष सम्बन्धमा
६. भ्हो.पु. को लागि बजेट माग सम्बन्धमा
७. औषधी उपचार उपलब्ध गराउने सम्बन्धमा
८. धन्यवाद ज्ञापन सम्बन्धमा

निर्णयहरू :

नि.नं १ः

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय च.नं ९१६, मिति ०७८।१२।३० को समपुरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्वन्धी पत्र तथा समपुरक अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८ बमोजिम आयोजना प्रस्ताव गर्नुपर्ने भएको हुँदा यस नगरपालिकाको लागि गत आ.व. देखी सञ्चालनमा रहेका आयोजनाको वाँकी कार्य र नयाँ आयोजना समेत गरी तपसिलमा उल्लेखित योजनाहरूको लागि कूल लागत अनुमान रकमको ५० प्रतिशत रकम कार्यालयले व्यहोर्ने गरी जम्मा रू २,००,००,०००।०० समपुरक अनुदान माग गर्ने निर्णय गरियो

तपसिलः

| सि.नं | योजनाको नाम र सञ्चालन स्थल | अनुमानित लागत | कैफियत |
|---|---|---|---|
| १ | पाल्डाडा हेल्थपोष्ट देखी रेवती गोमाता स्कूल हुँदै कञ्चनगढी , वडा नं ५ | ५०,००,०००।०० | क्रमागत |
| २ | सरावल सिमा सडक स्तरोन्नती, वडा नं ९ र जमुनिया चोक देखी सफैया जाने सडक स्तरोन्नती वडा नं १२ | ५०,००,०००।०० | क्रमागत |
| ३ | गैडहवा भगजोनी भानुनगर सूर्यपुरा सडक ११ र ८ | ५०,००,०००।०० | क्रमागत |
| ४ | सिमा सडक देखी लोकाहा टोल हुँदै वरूवा सडक स्तरिकरण एवं वरूवा सडक देखी बनदेवी मन्दिर हुँदै जाने सडक स्तरिकरण ,वडा नं १५ र १६ | ५०,००,०००।०० | क्रमागत |
| ५ | शिवनगरकोलनी नाला सहित सडक स्तरोन्नती, वडा नं ४ र तेलाहा डाँडाँको सडक स्तरोन्नती, वडा नं १५ | ५०,००,०००।०० | नयाँ |
| ६ | जयन्ती प्रा.वि.को पश्चिम तर्फको चोक देखी हुलाकी सडक जोड्ने सडक स्तरोन्नती, वडा नं १२ र १३ | ५०,००,०००।०० | नयाँ |
| ७ | दिव्यज्योती क्याम्पसको विचबाट चिसापानी अस्पताल हुँदै ब्लक नं ४ जोड्ने बाटो स्तरोन्नती, वडा नं २ र लगुनाहा ह्याचरी देखी वडकी भटौलियाबाट वुद्धमंगल ताल जोड्ने बाटो स्तरोन्नती, वडा नं १२ | ५०,००,०००।०० | नयाँ |
| ८ | वाँसखोला जाने खोलाको पुल निर्माण वडा नं २ | ५०,००,०००।०० | नयाँ |

नि.नं २ः

स्थानीय तह निर्वाचन २०७९ को सन्दर्भमा निर्वाचन अधिकृतको कार्यालय यस नगरपालिका हाता भित्र स्थापना भैसकेको हुँदा निर्वाचन आयोगबाट प्रकाशित कार्यतलिका अनुसार निर्वाचनको कार्यक्रमहरू अगाडी वढाउन आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

नि.नं ३ः

प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगंज लुम्बिनी प्रदेशको आर्थिक सहयोग र ब्राइट फ्यूचर कन्सल्टेन्सी काठमाण्डौको प्राविधिक सहयोगमा तयार भएको यस नगरपालिकाको ३ वर्षे राजश्व सुधार कार्ययोजना (०७९/०८० देखी ०८१/०८२ सम्मको) स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ४ः नेपाल नगरपलिका संघको आर्थिक र प्राविधिक सहयोगमा तयार भएको यस नगरपालिकाको ३ वर्षे मध्यकालिन खर्च संरचना (०७९/०८० देखी ०८१/०८२ सम्मको) स्वीकृत गर्ने निर्णय गरियो ।

नि.नं ५ः  स्थानीय तह निर्वाचन, २०७९ को सन्दर्भमा वडा अध्यक्ष सहित सबै वडा सदस्यले राजीनामा दिएमा वडा अध्यक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम  गर्ने अत्यावस्यक घर गोठ, बाटो चौकिल्ला, विजुली, पानी लगायतका सिफारिस तथा प्रमाणित सम्बन्धी कार्यहरू गर्न सम्बन्धित वडा सचिवलाई जिम्मेवारी दिने निर्णय गरियो ।

नि.नं ६ः

यस नगरपालिका अन्तरगत देहायका स्थानमा झो.पु. (स्टिल ट्रस ब्रिज) निर्माणको लागि स्थानीय स्तरबाट माग भएको र अति आवश्यक समेत रहेको  हुँदा तपसिल बमोजिमको स्थानहरूमा  झो.पु. निर्माणको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगत रहेको झोलुङ्गे पुल इकाइ समक्ष बजेट मागको लागि सिफारिस पेश गर्ने निर्णय गरियो ।

तपसिल ः

| क्र.स. | योजनाको नाम र योजना स्थल | अनुमानित बजेट रकम रू | कैफियत |
|---|---|---|---|
| १ | भूताहाखोला  र वडा कार्यालय जोड्ने स्थानमा ट्रस ब्रिज, वडा नं १० | ५०,००,०००।०० | |
| २ | घुटुरे टोल स्थित प्रकाश रायमाझिको घर देखी वडा नं १ र १४ को सिमानामा ट्रस ब्रिज,  वडा नं ७, | ५०,००,०००।०० | |
| ३ | UBI इट्टा भट्टा पूर्व धनेवा खोलामा ट्रस ब्रिज, वडा नं १३ | ५०,००,०००।०० | |
| ४ | बर्दघाट १३ मदनपुरा - प्रतापुर वडा नं १ जोड्ने धनेवा खोला ट्रस ब्रिज | ५०,००,०००।०० | |
| ५ | वडा नं १५ र १६ को सिमानामा पर्ने वढुवाघोलमा ट्रस ब्रिज | ५०,००,०००।०० | |
| ६ | ट्रस ब्रिज (वडा नं २, वडा नं ४, वडा नं ११ का विभिन्न स्थान) | १,५०,००,०००।०० | |

नि.नं ७

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट जारी भएको मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरूदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ लाई पूर्ण रूपमा कार्यान्वयन गरी लक्षित वर्गको उपचारमा आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

नि.नं ८ः

यस नगरपालिकामा निर्वाचित भै जनप्रतिनिधिको रूपमा कार्यरत रहनुहुने नगर प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य तथा सबै नगरसभा सदस्यहरू प्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।